वार्षिकोत्सव
प्रतीक दैनिकको वार्षिकोत्सवको अवसरमा यस दैनिकको प्रकाशन भदौ २ गते नहुने जानकारी गराउँछौं। हाम्रो भेट भदौ ३ गते हुनेछ।
प्रतीक दैनिक

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

Kirloskar Oil Engines
डिजल पम्प
रोटाभेटर
अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ ०१ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 17 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०१

## रोजगारदाता र श्रमिकबीच नौ बुँदे साझा निष्कर्ष

प्रस, वीरगंज, ३१ साउन/

रोजगारदाता र श्रमिक प्रतिनिधिबीच मङ्गलवार वीरगंजमा अन्तर्क्रिया भएको छ।



तस्वीरः प्रतीक

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र, प्रदेश समन्वय समिति, मधेस प्रदेशले आयोजना गरेको अन्तर्क्रियामा श्रमिक प्रतिनिधिहरूले उद्योग तथा श्रमिक दुवैको हितका लागि इमानदार प्रयास हुनुपर्नेमा जोड दिएका छन्। श्रमिकले आफ्नो समस्या मात्रै दर्शाउन नहुने भन्दै उद्योग नरहे श्रमिक पनि नरहने प्रतिनिधिहरूले बताए। उनीहरूले श्रम ऐन संशोधन गर्नुपर्नेमा जोड दिए।

श्रमिक प्रतिनिधिहरूले देशभरिका उद्योगहरूमा स्थानीय श्रमिकलाई प्राथमिकता दिनुपर्ने माग गरे। औद्योगिक कोरिडोरमा श्रमिक अस्पताल, श्रमिक विद्यालय र सुरक्षित औद्योगिक क्षेत्र स्थापना गर्नुपर्ने माग गरे।

उद्योग वाणिज्य सङ्घ, मधेस प्रदेशका अध्यक्ष गणेश लाठले श्रमिकका सन्तति श्रमिक नै हुने बाध्यता देशमा कायम नै रहेको बताए। उनले औद्योगिक क्षेत्रमा काम गर्ने वातावरण फितलो रहेको कारण यहाँका नागरिकले भोग्नुपरिरहेको आर्थिक, सामाजिक तथा व्यक्तिगत समस्याका कारण श्रमिकहरू विदेशिने गरेको बताए।

अध्यक्ष लाठले श्रमिकको अवस्था सुधारका लागि विभिन्न सरकारी, गैरसरकारी सङ्घसंस्थाहरूले सीपमूलक, रोजगारमूलक तालीम गराउने भन्दै अर्बौं रुपियाँ बर्सेनि खर्च गरे तापनि सफल नभएको बताए। श्रमिकलाई सुरक्षा कोषको व्यवस्था सरकारले नगरेसम्म विवाद भइरहने उनले बताए।

छलफलमा दुवै पक्षले नौ बुँदे साझा निष्कर्ष जारी गरेको संयुक्त ट्रेड युनियन समन्वय केन्द्र, मधेस प्रदेशका अध्यक्ष एवं पेशागत महासङ्घका अध्यक्ष प्रेमकुमार खनालले बताए।

बैठकमा श्रम ऐन २०७४ मा भएको व्यवस्था अन्तर्गतका प्रावधानहरूमा न्यूनतम पारिश्रमिक लागू गर्ने, सामाजिक सुरक्षा ऐन अनुसार सबै उद्योग–व्यवसाय क्षेत्रमा सामाजिक सुरक्षा, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा मापदण्ड लागू गर्ने, उद्योग व्यवसायमा हरेक वर्ष श्रम ऐन अनुसारको श्रम अडिट गराउने, श्रम क्षेत्रको समग्र व्यवस्थापनका लागि प्रदेशस्तरमा श्रम सल्लाहकार समिति गठन, राष्ट्रिय श्रम आयोग गठनलगायतका प्रक्रिया यथाशीघ्र पूरा गराउन सरकारलाई ध्यानाकर्षण गराउने सहमति भएको उद्योगी मनोजकुमार दासले जानकारी दिए।

अन्तर्क्रियामा केन्द्रका इन्द्रदेव मिश्र,

(बाँकी पाँचौं पातामा)

## निजगढ नगरपालिकाको तालाबन्दी खुल्यो


नगरप्रमुखको कार्यकक्षको ताला खोल्दै सदस्यहरू र इन्सेटमा हाजिरीयन्त्र। तस्वीरः प्रतीक

प्रस, निजगढ, ३१ साउन/

निजगढ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षको ताला खोलेपछि नगर कार्यपालिकाका बहुमत सदस्यहरूले नगरप्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङको कार्यकक्षमा लगाएको ताला मङ्गलवार खोलेका छन्।

२०७९/०४/११ गते सचिवस्तरको निर्णयले थाहा नगरपालिका मकवानपुरमा कार्यरत उपसचिव हरिलाल पुरीलाई निजगढमा सरुवा र सुमनकुमार कार्कीलाई जिल्लाकै पचरौतामा सरुवा गरे पनि सो निर्णय एक साता पनि नबित्दै कार्कीलाई निजगढमैं पुनर्बहाली गरिदिएपछि नगरप्रमुख पुरीले कार्कीको कार्यकक्षमा तालाबन्दी गरी कार्यालय आउन अवरोध गर्दै हाजिरीसमेत गर्न दिएका थिएनन्।

आफू नगरप्रमुख भएदेखि नै प्रमुख प्रशासकीय अधिकृत कार्कीले असहयोग गर्दै आएको आरोप लगाउँदै मन्त्रालयको अपरिपक्व आदेश, प्राकृतिक नियमविपरीत कार्कीको निजगढमा पुनर्बहालीले उनलाई हाजिर गराउन नसक्ने नगरप्रमुख पुरीले अडान राखेका थिए।

मन्त्रालयले निजगढ नपामा पुनर्बहाली गरेका कार्कीलाई २०७९/०४/२६ गते सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मन्त्रालयमैं खटाएपछि नगरप्रमुख पुरीको निर्देशनमा ताला खोली प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षबाट झिकिएको विद्युतीय बायोमेट्रिक हाजिरीयन्त्र जडान गरी सञ्चालनमा आएपछि आफूहरूले पनि नगरप्रमुख र उपप्रमुखको कार्यकक्षमा एक साताअघि लगाएको ताला खोली

(बाँकी पाँचौं पातामा)

हार्दिक शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
डा सुबोधकुमार गुप्ता (अध्यक्ष) तथा
वीरगंज उद्योग वाणिज्य सङ्घ परिवार

"शिक्षा, स्वास्थ्य र कृषि जीराभवानीको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"
हार्दिक शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
अनोज चौधरी (अध्यक्ष)
रेखा चौधरी (उपाध्यक्ष)
प्राण मेहता (प्रमुख प्रशासकीय अधिकृत)
जीराभवानी गाउँपालिका परिवार, पर्सा

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन कलैयाको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"
हार्दिक शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
विनोदप्रसाद साह (नगरप्रमुख)
रौशन परविन (उपप्रमुख)
नाथु साह (प्रमुख प्रशासकीय अधिकृत)
कलैया उपमहानगरपालिका परिवार, बारा

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन देवतालको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"
हार्दिक शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
उदयप्रसाद यादव (अध्यक्ष)
सीतापतिदेवी यादव (उपाध्यक्ष)
वकीलप्रसाद पाल (प्रमुख प्रशासकीय अधिकृत)
देवताल गाउँपालिका परिवार, बारा

"शिक्षा, स्वास्थ्य र कृषि जगरनाथपुरको विकासको आधार
उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"
हार्दिक शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
श्रीकान्तप्रसाद यादव (अध्यक्ष)
बबिता सिंह (उपाध्यक्ष)
कृष्णानन्दन राय (प्रमुख प्रशासकीय अधिकृत)
जगरनाथपुर गाउँपालिका परिवार, पर्सा

हार्दिक शुभकामना
प्रतीक दैनिक
३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
JAGDAMBA STEEL
देशको मेरुदण्ड
जगदम्बा स्टील प्रा.लि.
जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा

वार्षिकोत्सवको शुभकामना
प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
एडभान्स सिमेन्ट PPC
एडभान्स सिमेन्ट OPC
एडभान्स सिमेन्ट परिवार

हार्दिक शुभकामना
प्रतीक दैनिक
३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।
SURYA NEPAL
PRIVATE LIMITED
Prakriti
जीतपुरसिमरा उपमहानगरपालिका, सिमरा, बारा

## विचारसार र सूक्तिहरू

**सकारात्मक सोच्नेहरूसँग सबै समस्याको समाधान हुन्छ, नकारात्मक सोच भएकाहरू प्रत्येक समाधानमा समस्या देख्छन्। त्यसैले हमेशा सकारात्मक बन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# ३६औं वर्ष प्रवेश

**'प्रतीक' आजदेखि ३६औं वर्षमा प्रवेश गरेको छ। ३५ वर्षको भरपूर उमेर बाँचेर पर्याप्त अनुभव र जोशका साथ अविरल यात्रातर्फ उन्मुख छ। के कुनै संस्थाको अवसान हुन्छ, व्यक्तिको त हुन्छ। संस्था मर्दैन, किनभने यसले निरन्तर पुस्तापुस्ताबाट प्राण पाइरहेको हुन्छ। तर नेपालमा भने कुनै संस्थाको आयु ३५ पूरा हुनु आश्चर्यको विषय मानिन्छ। त्यो आश्चर्यमा प्रतीक नदरियोस् भन्ने प्रबल मनोकाङ्क्षाका साथ यसमा संलग्न समूह लागिपरेको छ। त्यसैले कुनै संस्था मर्दैन भनिन्छ। एकपछि अर्को व्यक्ति, समूहले यसलाई डोऱ्याइरहन्छ। फरक यदि पर्छ भने जिम्मेवार व्यक्ति र समूहबाट। संस्था चलाउने उत्तराधिकारी थाक्यो, मनसा शिथिल भयो भने संस्थाको अस्तित्वमा सङ्कट आइपर्छ। बाहिर मुलुकमा एउटा संस्था सयौं वर्ष बाँच्छ, त्यसपछि पनि बाँचिरहेको छ। त्यसैले संस्था व्यक्तिले होइन, समूहले चलाउनुपर्छ, जसले गर्दा अविछिन्न उत्तराधिकारीको निरन्तर आपूर्ति भइरहोस्। यत्ति मात्र कारणले नेपालमा प्रायः संस्थाहरू मर्ने गर्छन्। त्यो अवस्था हिजो नेपालमा व्यक्तिको पनि थियो।**

**आजभन्दा ५० वर्षपहिले नेपालीको सरदर आयु ३२ वर्ष थियो, आज बढेर ७० नाघेको छ। त्यसै सूत्रको आधारमा पनि संस्थाको आयु कम्तिमा ७० वा व्यक्तिको आयुसँगै बढिरहनुपर्छ। यो सोच्ने बाध्यता किन आइपुग्यो भने हाम्रो अभ्यास त्यस्तै रहेको छ। व्यक्तिसँगै संस्था मर्ने वा शिथिल हुने प्रायः देखिने गर्छ। अझ व्यक्तिकै जीवनकालमा संस्था रसातलमा पुगेको देखिन्छ। हामीले विदेशी अखबार, सामाजिक संस्थाहरू देखेका छौं, कतिपयका हामी आफैं पनि पाठक/सदस्य छौं। अझ सामाजिक संस्थाहरू त सयौं वर्षदेखि चलेका मात्र छैनन्, संसारभरि फिंजिएका पनि छन्। ती शिथिल हुन्छन् वा मर्छन् भन्ने कल्पना पनि गर्न सकिन्न। हामीकहाँ भने केही वर्ष मात्र भएपछि आश्चर्य व्यक्त थालिन्छ, अझ बाँचेकै छ ? यसको मूलमा आइपर्ने समस्या, जीवन्तताका लागि चाहिने सङ्घर्ष, अटुट समर्पण भावको कमी हुनु हो। हामी छिटै आत्तिन्छौं, तत्काल लाभ खोज्छौं, हामी व्यक्तिलाई महत्त्व दिन्छौं, संस्थालाई होइन। सार्वजनिक हित हाम्रो सरोकारको विषय नै बन्दैन। सर्वजन हितायबाट हाम्रो व्यक्तित्व तुष्ट हुँदैन, यो हाम्रो आफ्नै आदर्श र संस्कृतिविपरीत हो। अनि आदर्श र संस्कृतिविपरीत जाँदा के पो राम्रो होला र !**

**प्रतीकबारे पनि यही सोच कायम हुन्छ। कुनै कुरा राम्रो छ भनेर मात्र हुँदैन, अझ राम्रोका लागि प्रयत्नशील नभएर तुष्टिभावलाई प्रश्रय दिने हो भने जीर्णताले कब्जा जमाउन थाल्छ। जीर्णता महत्त्वपूर्ण भए पनि त्याज्य नै हुन्छ। कुनै जमानामा अति राम्रो राजमहल, यदि जीर्ण हुँदै गएको छ भने लोभलाग्दो हुन्छ, महत्त्वपूर्ण पनि हुन्छ, तर उपभोगका लागि जीर्णता कदापि स्वीकार्य हुन सक्दैन। हामी त धर्मले नै सनातनी हौं। सनातन अर्थात् जे सदाकाल जीवित रहन्छ। र सदाकाल जीवन्त रहनका लागि एउटा मात्र शर्त हो निरन्तर परिवर्तन। समय, काल, परिस्थिति अनुकूल परिवर्तन आउन सकेन भने जे पनि जीर्ण हुँदै जान्छ, परिवर्ज्य हुन्छ। परिवर्जनबाट मुक्त हुनु छ भने सतत् मनसा–वाचा–कर्मणा परिवर्तनको कामना र तत्परता आवश्यक हुन्छ। प्रतीकलाई यस कसीमा घोट्ने काम सुधी पाठकहरूको हो। ३६ सौं वर्ष प्रवेशको उपलक्ष्यमा जोविना यो 'प्रतीक' यस अवस्थामा पुग्न सक्दैनथ्यो–ती पाठक, समाचारदाता, सम्पादक [redacted]म्भकार, हकर, शुभचिन्तक सबैमा [redacted]**

# शुभकामना !



स्वतन्त्र विचार

विनोद गुप्ता

**भारत ठूलो छ, बजार ठूलो छ भनेर दायित्व पन्छ्याउनुभन्दा कमसेकम खाद्यान्न, फलाम, सिमेन्ट, चिनी, दूग्धजन्य उत्पादनको क्षेत्रलाई एक–एक क्षेत्र छनोट गरेको भए पनि बितेको तीस वर्षमा दुई/चार वटा त उपलब्धि प्राप्त हुने नै थियो ।**

आज १५ अगस्तका दिन छिमेकी मित्रराष्ट्र भारत आफ्नो ७६औं स्वतन्त्र दिवस मनाउँदै छ। सर्वप्रथम त यस अवसरमा सम्पूर्ण भारतवासीमा निरन्तर उन्नति र प्रगतिको शुभकामना दिन चाहन्छु। वीरगंज महावाणिज्य दूतावासको कार्यालयको निमन्त्रणमा आजको कार्यक्रममा सहभागी भइरहँदा अनायास केही सम्झना, केही स्मृति आँखा अगाडि खेल्न थाले। मेरो जन्म १९५५ मा भएकोले भारतको स्वतन्त्रता सङ्ग्रामको सम्झना हुने कुरै भएन तर सन् ६२ मा भारत–चीन युद्धका दौरान बुबा, काकाहरूले कान थापेर रेडियो सुन्ने गरेको र युद्धमा चीनले जित हात पारेको कुराकानी गरेको सम्झन्छु। पछिपछि अध्ययनको क्रममा नेपालका भारतमा अध्ययनरत विद्यार्थीहरूको ठूलो समूहले राजनैतिक चेतनाले ओतप्रोत भएर भारतको स्वतन्त्रता सङ्ग्राममा ठूलो योगदान दिएको र त्यही स्वतन्त्रता सङ्ग्रामबाट अनुभव बटुलेर स्व. विपी कोइरालालगायतक प्रजातान्त्रिक नेताहरूले नेपालमा समेत १०४ वर्षदेखि चलिआएको राणा शासनविरुद्ध क्रान्ति शुभारम्भ गरी २००७ सालमा नेपालमा राणा शासनको अन्त्य भएको पढेको सम्झना भएर आयो। तुलनात्मकरूपमा हेर्दा ५ वर्षकै अन्तरालमा दुवै देशले स्वतन्त्रता प्राप्त गरेका हुन् तर भारतले उपनिवेशबाट स्वतन्त्रता प्राप्त गऱ्यो भने हामीले राणा शासनबाट। त्यसबेलादेखि अहिलेसम्मको अवस्था हेर्दा चीनसँग युद्धमा पराजय भोगेको भारतमा करीब ७० वर्षसम्म काङ्ग्रेसकै शासन रह्यो र यस दौरानले विश्व स्तरमा आइआइटी, चिकित्सा विज्ञान संस्थान, कृषि अनुसन्धान केन्द्रहरूदेखि परमाणविक एवं अन्तरिक्ष अनुसन्धान केन्द्रसम्म खोलेर हरित क्रान्ति गऱ्यो। आइटीको क्षेत्रमा विश्वमैं अग्रणी स्थान हासिल गरेको छ भने मेक इन इन्डियाको नारा दिएर चन्द्रमामा अन्तरिक्षयान पठाउनुका साथै युद्धको क्षेत्रमा समेत तेजस वायुयान र ब्राम्होस मिसाइल निर्माण गर्न भ्याएर विश्वमा चौथो उदीयमान शक्तिको रूपमा स्थापित हुँदैछ। परिवहनको क्षेत्रमा सधैं नौलो कार्य गर्दै अहिले स्टिल स्क्रैपबाट पक्की सडक निर्माण गर्न सक्षम भएको छ भने रेल परिवहनमा समेत बन्दे भारतको माध्यमबाट क्रमशः गति विस्तारको बाटोमा अग्रसर छ। अहिले भारत ५ ट्रिलियन डलरको आर्थिक अवस्थामा पुग्न प्रयासरत छ।

भारतको यो अवस्थासँग हाम्रो तुलना गर्दा इन्जिनीयरिङ कलेज थुप्रै खुले पनि आइआइटीको समकक्षता त सपना नै छ भने नेपाल सरकार आफैंले खोल्न भ्याएको त्यो पनि ७० वर्षमा एकमात्र चिकित्सा शास्त्र अध्ययन संस्थानले जेनतेन आफ्नो गरिमा जोगाए पनि भारतको सहयोगमा र भारतीय आयुर्विज्ञान संस्थानको भगिनी संस्थाकै रूपमा स्थापित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको हालत हामी कसैबाट लुकेको छैन। प्रत्येक प्रदेशमा एउटा सरकारी मेडिकल कलेज खोल्न डा गोविन्द केसीले अनेकौं पटक सत्याग्रह गरिसकेका छन्। नार्क (कृषि अनुसन्धान परिषद्) र नास्ट (नेपाल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी)मा वैज्ञानिक अनुसन्धानभन्दा प्रशासनिक कार्यकै बजेट बढी भएको सुन्दा दिक्दार लाग्नु अस्वाभाविक होइन। प्रजातन्त्रको बहालीपछि राष्ट्रिय राजमार्गको तुलनामा स्थानीय निकायबाट बढी सडक निर्माण भएको छ भने सडक परिवहन प्रणाली अझैं पनि स्तरहीन छ। वायुसेवा आम नेपालीको पहुँचभन्दा बाहिर छ। आफ्नो आन्तरिक उत्पादन गरेर आयात प्रतिस्थापन गरेर पनि धेरै हदसम्म व्यापारघाटा कम गरेर विदेशी मुद्रा सञ्चिति मनग्य राख्ने अवसर र अवस्था हुँदाहुँदै पनि यतातिर कसैको ध्यान गएको देखिंदैन।

भारत ठूलो छ, बजार ठूलो छ भनेर दायित्व पन्छ्याउनुभन्दा कमसेकम खाद्यान्न, फलाम, सिमेन्ट, चिनी, दूग्धजन्य उत्पादनको क्षेत्रलाई एक–एक क्षेत्र छनोट गरेको भए पनि बितेको तीस वर्षमा दुई चारवटा त उपलब्धि प्राप्त हुने नै थियो। तर यसतर्फ प्रयास नै भएको देखिंदैन। ७० वर्षको इतिहासमा न पञ्चायत, न प्रजातन्त्रकालमैं, एउटा पनि रासायनिक मलखाद कारखाना स्थापना गर्न सकेको छ। आखिर किन यस्तो भिन्नता ?

भारतको आधुनिककालको इतिहास केलाउँदा भारतीय प्रधानमन्त्रीहरू स्व. जवारहलाल नेहरू, लालबहादुर शास्त्री, इन्दिरा गाँधी, राजीव गाँधी, अटलबिहारी वाजपेयी, इन्द्रकुमार गुजराल, पिभी नरसिम्हा राव, चन्द्रशेखरदेखि अहिलेसम्मका नरेन्द्र मोदीसम्म आइपुग्दा एउटा कुरामा के समानता पाइन्छ भने उनीहरू सबैले आआफ्नो दललाई चुनाव जिताउन सबै हतकण्डा नेपालझैं प्रयोग गरे पनि चुनाव जितेपछि भने देशको विकासमा समर्पित रहन कुनै कसर बाँकी राखेनन्। उनीहरूसँग दूरदृष्टि थियो एउटा सपना थियो जसलाई पूरा गर्न लागिरहे। यसैको फलस्वरूप भारत आन्तरिक अवस्था र अन्तर्राष्ट्रिय अवस्थासमेत प्रतिकूल हुँदा पनि पाकिस्तानसँग दुई–दुईपटक युद्धमा होमिएर आजको यो सम्मानजनक स्थान प्राप्त गर्न सफल भएको छ। यता हाम्रो इतिहास हेर्दा समकक्षी भारतीय नेताहरू जस्तै सपना बोकेर आएका योद्धाहरूले २००७ सालमा क्रान्ति गरे पनि सत्तामा पुग्न आठ वर्ष कुर्नुपऱ्यो अर्थात् २०१५ सालमा मात्र आम निर्वाचन सम्पन्न भयो र त्यो पनि दुई वर्षभित्र नै समाप्त भयो। २०१७–२०४६ सम्मको पञ्चायतको इतिहास हेर्दा केही उद्योग स्थापना र पूर्वाधार जस्तै– सडक, अस्पताल, विश्वविद्यालयको स्थापना भएको हो। तर जनचाहना अनुरूप नभएकोले नै २०४६ सालको आन्दोलनमा जनताले काङ्ग्रेसलाई साथ दिएको हो। तर प्रजातन्त्र स्थापना भएदेखि आजसम्म नमालुम कुन रोगले नेपाली राजनीतिलाई छोएको छ कि हाम्रा नेताहरूलाई सत्ता जोगाउन धौधौ परिरहेको हुन्छ, जसले गर्दा उनीहरू देश विकासबारे सोच्नै पाउँदैनन् वा दूरदृष्टि वा भिजन नै नभएकोले उन्नत नेपालको सपना नै देख्न सक्दैनन्, भन्न कठिन छ। कठिन भए पनि अब प्रजातन्त्र स्थापनाको तीस वर्षपछि उद्योग, शिक्षा, चिकित्सा सेवा, कृषि, सिंचाइ र प्रौद्योगिकीको अवस्था हेर्दा सत्य यही हो जस्तो लाग्छ।

भनिन्छ, सन् १९७० मा नेपाल र चीनको प्रतिव्यक्ति आय २५० अमेरिकी डलर थियो। आज चीन कहाँ छ र हामी कहाँ छौं ? खैर, सन्दर्भ भारतीय स्वतन्त्रता दिवसको हो र यस अवसरमा मित्रराष्ट्र भारतसँगै कमोबेस स्वतन्त्र भएको हाम्रो देशको के अवस्था छ भन्ने तुलना गर्नेतर्फ लागियो। अब पुनः मूल सन्दर्भतिर फर्किंदै मित्रराष्ट्र भारतको जनता र सरकारलाई अमृत महोत्सव वर्ष समापन गरी ७६औं स्वतन्त्रता दिवस मनाइराख्दा आफ्नो तर्फबाट उन्नति एवं प्रगतिको लागि फेरि एकपटक शुभकामना व्यक्त गर्दै अन्त्यमा हाम्रो देश हाँक्ने नेताहरूले भारतको यस उपलब्धिबाट केही सिको लिन सके हाम्रो पनि कल्याण हुने अपेक्षा गर्न सकिन्छ।

# टुक्राटाक्री



मन्तव्य

कुमार रुपाखेती

**बिचरा प्रचण्ड त भाजपा जान्न होइन, प्रधानमन्त्रीको कुर्सी माग्न पुगेका थिए तर त्यस अघि नै चारैतिर चहारि सकेकी आरजु राणा आफू प्रधानमन्त्री र ज्याले पति देउवा राष्ट्रपति बन्ने आशीर्वाद लिन त्यहाँ विराजमान थिइन्। बिचरा प्रचण्ड !**

**अमर–अकबर– एन्थोनी**

कुनै जमानामा अमर अकबर एन्थोनी भन्ने प्रख्यात हिन्दी सिनेमा थियो। अहिले पर्सा जिल्लामा प्रदीप यादव, लालबाबू गद्दी र राजेशमान सिंहलार्य अमर–अकबर–एन्थोनी भन्न थालिएको छ। अमर, अकबर, एन्थोनी फिल्ममा– 'होनीको अनहोनी कर दे, अनहोनीको होनी, एक जगह जब जमा हो तीनों अमर अकबर एन्थोनी' भन्ने गीत थियो। पर्सेली राजनीतिका यी अमर, अकबर, एन्थोनीमध्ये प्रदीप यादव सङ्घीय सरकारको वनमन्त्री, लालबाबू मधेस प्रदेशका मुख्यमन्त्री र राजेशमान वीरगंज महानगरका मेयर छन्। यिनीहरू एक भएमा मधेस प्रदेश र पर्सा जिल्लाको उल्लेखनीय उत्थान हुनेमा कुनै दुईमत छैन। अचेल त्यसै पनि युवाहरूले नै क्यै गर्न सक्छन् भन्ने लहर नै चलेको छ।

आआफ्नो गच्छे अनुसार यी तीनैजनाले जनपक्षीय काममा आफ्नो संलग्नता प्रदर्शन पनि गर्दै आएका छन्। तर 'नयकी घोडी चाल देखाए' हिसाब किताबले नभई तन, मन र धनले मधेस प्रदेश र पर्साका लागि यिनले केही न केही गर्छन् भन्ने जनभावनामा तुषारापात नहोस्। अन्यथा जिसका बडा भाई हो शराबी तो छोटा पिए तो क्या है खराबी भन्न नपरोस्।

**अमेरिकाको मेरिल्यान्डको आकर्षक गाईजात्रा**

अमेरिकाको मेरिल्यान्ड राज्यको विटन रिजनल पार्कमा भव्य गाईजात्रा मनाइँदो रहेछ। मेरिल्यान्ड अमेरिकाको ठूलो र पुरानो राज्य (स्टेट) हो। १३ अगस्तमा विटन पार्कमा मनाइने गाईजात्रामा हामी पनि भर्जिनिया राज्यबाट चालीस माइल टाढा रहेको उक्त स्थानमा पुगी गाईजात्रामा सहभागी भयौं। तर अचम्म उक्त गाईजात्रामा मैले माईस्थान रामटोलका शङ्कर श्रेष्ठ, कुम्हाल टोलकी नर्वदा श्रेष्ठ, स्व. पशुपति महाजुकी छोरी तथा मनोज श्रेष्ठकी पत्नी पूनम श्रेष्ठ महाजु, बिर्ताकी रञ्जु श्रेष्ठहरूलाई भेट्दा नेपालमैं गाईजात्रा मनाएको अनुभूति भयो। मेरिल्यान्डको विटन रिजनल पार्कमा गाईजात्रा मनाउन करीब पाँच सय नेपालीको जमघट देख्दा त्यहाँ मैले मिनी नेपालकै अनुभव गरे। नेपाल पासा पुचः अमेरिकाय भन्ने संस्थाले त्यहाँ गाईजात्रा महोत्सवको आयोजना गर्दो रहेछ। नेपाल पासा पुचः अमेरिका वि.सं. २०४८ (सन् १९९१) मा मेरिल्यान्डमा गठन भएको एक नेपालभाषी संस्था हो जसले गाईजात्रा, इन्द्रजात्रा, बेलविवाह आदि नेवारी पर्व बर्सेनि मनाउँदो रहेछ। सापारू गाईजात्रामा जोजोलोपा भन्नेहरू त्यहाँ थुप्रै थिए। नेवारी भाषामा लसकुस अर्थात् स्वागतम् लेखिएका थुप्रै तुल टाँगिएका थिए। नेवाः तजिलजि संरक्षणया न्ह्यलुवा अर्थात् नेवारी संस्कृतिको संरक्षण गरौं भन्ने तुल, ब्यानर पनि पार्कमा देखिए। मेरिल्यान्डको यो गाईजात्रा महोत्सवमा अमेरिकाका अन्य राज्यका नेपालीसमेत सहभागी थिए। रमाइलो मानेर हेर्‍यौं।

**भाजपा जाने**

स्वदेश र विदेशमा कट्टर हिन्दूवादी र भगवाधारीको आरोप लागेपछि भाजपाले दिल्लीमा भाजपा के हो भनी जानकारी दिन जोडतोडले कार्यक्रम चलायो। भाजपा अध्यक्ष जेपी नड्डाले नेपालबाट प्रचण्डलाई निम्तो गरे। प्रचण्ड तामझामका साथ पुगे तर मोदीले भेट नदिंदा खिस्रिक्क परे। बिचरा प्रचण्ड त भाजपा जान्न होइन, प्रधानमन्त्रीको कुर्सी माग्न पुगेका थिए तर त्यस अघि नै चारैतिर चहारिसकेकी आरजु राणा आफू प्रधानमन्त्री र ज्याले पति देउवा राष्ट्रपति बन्ने आशीर्वाद लिन त्यहाँ विराजमान थिइन्। बिचरा प्रचण्ड !

# मेघगर्जनसहित हल्कादेखि मध्यम वर्षा

काठमाडौं, ३१ साउन/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भूभागका थोरै स्थानमा र बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। विभागले आगामी २४ घण्टा देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली तथा देशका पहाडी भूभागका थोरै स्थानमा र बाँकी प्रदेशका एक/दुई स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेकोले उक्त भूभागहरूमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहनुका साथै नदी नाला तथा खहरे खोलामा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन/यातायात क्षेत्र प्रभावित हुन सक्ने भएकोले सतर्क रहन अनुरोध गरेको छ।

हाल देशका अधिकांश भूभागमा आंशिक बदली छ। प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षा भइरहेको छ। रातको समय देशभर आंशिकदेखि सामान्य बदली रही देशका पहाडी भूभागका थोरै र बाँकी भूभागका एक/दुई स्थानमा मेघगर्जन–चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

[redacted]र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# मधेस प्रदेश सरकारको आन्दोलन स्थगित



तस्वीर: सौजन्य

प्रस, वीरगंज, ३१ साउन/

मधेस प्रदेश सरकारले आइतवारदेखि शुरू गरेको सङ्घीय सरकारविरुद्धको आन्दोलन मङ्गलवारदेखि स्थगित गरेको छ।

प्रहरी समायोजनको माग गर्दै आइतवारदेखि पहिलो चरणमा बिहान ११ देखि दिउँसो १ बजेसम्म दुई घण्टा धर्ना दिने कार्यक्रम एक सातासम्म चलाउने प्रदेश सरकारले पत्रकार सम्मेलन गरेर जानकारी गराएको थियो तर सोमवारसम्म धर्ना कार्यक्रम चल्यो र मङ्गलवार स्थगित भयो। स्थगित हुनुको कारण प्रधानमन्त्रीको आश्वासन हो। मुख्यमन्त्री लालबाबूराउत गद्दीले प्रहरी समायोजनको विषयलाई प्राथमिकतामा राखेर काम गर्ने प्रधानमन्त्रीको आश्वासन आएपछि धर्ना कार्यक्रम स्थगित गरिएको बताए।

धर्नास्थलमा पुगेर प्रदेशप्रमुख हरिशङ्कर मिश्रले प्रधानमन्त्री देउवाले दिएको आश्वासन मुख्यमन्त्रीलाई जानकारी गराएका थिए। उनले केन्द्र सरकार प्रहरी समायोजनमा गम्भीर र सकारात्मक रहेको र घोषित मङ्सिर ४ गतेको निर्वाचनपछि पूरा गर्ने आश्वासन दिएको जानकारी गराएका थिए। सोपछि घोषित आन्दोलन आजदेखि स्थगित भएको मुख्यमन्त्रीले जानकारी गराए।

# स्कूल बसले किच्दा नाबालकको मृत्यु



इलाका प्रहरी कार्यालय, निजगढमा राखिएको स्कूल बस। तस्वीर: प्रतीक

प्रस, निजगढ, ३१ साउन/

निजगढमा मङ्गलवार स्कूल बसले दुई वर्षीय बालकलाई किच्दा उनको घटनास्थलमैं मृत्यु भएको छ।

मृत्यु हुनेमा बारा, सिम्रौनगढ नपा–२ स्थायी घर भई हाल निजगढ नपा–६ मा डेरा गरी बस्ने राकेशराय यादवका दुई वर्षीय छोरा आयुष भनिने देवव्रत यादव रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ। निजगढ नपा–६ पानीटङ्की सडकटोलमा बिहान करीब ९ बजे मृतक नाबालकका दाजु र दिदी अध्ययनरत विद्यासागर इङ्लिश बोर्डिङको प्रदेश–२–०३–००१क१०७३ नम्बरको बसमा चढेपछि उनीहरूलाई पच्छ्याउँदै आएका भाइ देवव्रतलाई चालकले नदेख्दा बस अघि बढाउने क्रममा पछाडिको टायरले किच्दा उक्त घटना हुन पुगेको प्रहरीको प्रारम्भिक अनुसन्धानले जनाएको छ। मृतक बालकको शल्यपरीक्षणका लागि जिल्ला अस्पताल, कलैया लगिएको इप्रका, निजगढले जानकारी दिएको छ। बसका चालक र बसलाई भने इप्रका, निजगढका प्रहरी नायब निरीक्षक बैधनाथप्रसाद यादवको टोलीले नियन्त्रणमा लिई अनुसन्धान अघि बढाएको छ।

# ३६ लाख नगदसहित पक्राउ

सर्लाही, ३१ साउन/रासस

सर्लाहीको बरहथवाबाट रकमसहित दुईजना पक्राउ परेका छन्। इलाका प्रहरी कार्यालय, बरहथवाबाट खटिएको प्रहरी टोलीले रु ३६ लाख नगद र गरगहनासहित दुईजनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।


पक्राउ पर्नेमा डोटीको शिखर नगरपालिका–७ स्थायी घर भई काठमाडौंको कपनमा बस्दै आएका ३० वर्षीय हर्कबहादुर कठायत र भक्तपुरको चाँगुनारायण–२ दुवाकोटका ३१ वर्षीय विशाल खत्री रहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए। मोटरसाइकलसहित उनीहरूलाई रोकेर प्रहरीले खानतलाशी गरेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ।

# धोरे–पोखरिया सडक शिलान्यास

प्रस, वीरगंज, ३१ साउन/

प्रदेशसभा सदस्य प्रह्लाद गिरीले धोरे–पकाहा–पोखरियामा निर्माण हुने सडकको शिलान्यास गरेका छन्।

मङ्गलवार सडकको शिलान्यास गर्दै उनले सडक निर्माण भएपछि यस भेगका जनतालाई आवागमनमा सहज हुने बताए।


तस्वीर: सौजन्य

शिलान्यास कार्यक्रममा विनोद मेहता, धेरी यादव, कुसुमी देवी, रामबाबूप्रसाद चौरसिया, सुमित रौनियारलगायतको सहभागिता थियो।

# समकालीन राजनीतिक विषयमा मन्थन

प्रस, वीरगंज, ३१ साउन/

रेडियो सान्भीले सोमवार समकालीन राजनीतिक विषयमा मन्थन कार्यक्रम सम्पन्न गरेको छ।



तस्वीर: सौजन्य

कार्यक्रममा नेपाली काङ्ग्रेस पर्साका पूर्वसभापति अजय द्विवेदी, जनता समाजवादी पार्टी नेपाल पर्साका अध्यक्ष रामनरेश यादव र नेकपा माओवादी केन्द्रका नेता रहबर अन्सारी, राजनीतिक विश्लेषक मोनिका सिंह, सञ्चारकर्मी रितेश त्रिपाठीले वर्तमान राजनीतिक अवस्थाबारे मन्थन गरेका थिए।

छोरी बचाऊ, छोरी पढाऊ

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

रामक्षत्रीप्रसाद कुर्मी (अध्यक्ष) | सुगान्धीदेवी कनुइन् (उपाध्यक्ष) | मुन्ना साह रौनियार (प्रमुख प्रशासकीय अधिकृत)

परवानीपुर गाउँपालिका परिवार, बारा

"हाम्रो प्रयास कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रमा दिगो विकास"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

विनोद जयसवाल (अध्यक्ष) | किरण देवी (उपाध्यक्ष) | सुनील केसरी (प्रमुख प्रशासकीय अधिकृत)

प्रसौनी गाउँपालिका परिवार, बारा

"शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन जीतपुरसिमराको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

राजन पौडेल (नगरप्रमुख) | भोलाप्रसाद अधिकारी (नगर उपप्रमुख) | चेतकुमार पोखरेल (प्रमुख प्रशासकीय अधिकृत)

जीतपुरसिमरा उपमहानगरपालिका परिवार, पर्सा

"गौरवशाली पर्सागढीको समृद्धि हाम्रो रहर व्यावसायिक कृषि, मानवीय विकास, हरित सुन्दर शहर"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

गोकर्ण पाठक (नगरप्रमुख) | पूजा चौधरी (नगर उपप्रमुख) | भरतप्रसाद यादव (नि. प्रमुख प्रशासकीय अधिकृत)

पर्सागढी नगरपालिका कार्यालय, हरपुर, पर्सा

"शिक्षा, स्वास्थ्य र कृषि सखुवाप्रसौनीको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

यशवन्त यादव (अध्यक्ष) | शर्मिला विष्ट (उपाध्यक्ष) | देवनाथ साह (प्रमुख प्रशासकीय अधिकृत)

सखुवाप्रसौनी गाउँपालिका परिवार, पर्सा

"पर्साको केन्द्रबिन्दु प्रचुर विकासका पूर्वाधार स्वास्थ्य, सुन्दर, हराभरा, पोखरिया स्मार्टसिटीको आधार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

प्रद्युम्न चौहान (नगरप्रमुख) | रुबीकुमारी ठाकुर (उपप्रमुख) | अशोक रौनियार (प्रमुख प्रशासकीय अधिकृत)

पोखरिया नगरपालिकाको कार्यालय, पर्सा परिवार

"शिक्षा, स्वास्थ्य र कृषि बहुदरमाईको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

सिंहासन साह तेली (नगरप्रमुख) | सुषमा कुशवाहा (नगर उपप्रमुख) | विदुरप्रसाद उप्रेती (प्रमुख प्रशासकीय अधिकृत)

बहुदरमाई नगरपालिका परिवार, पर्सा

"सुशासनयुक्त सक्षम एवं सबल स्थानीय सरकार पूर्वाधार निर्माण, कृषि, पर्यटन र सशक्तीकरण ठोरीको आधार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

लालबहादुर श्रेष्ठ (अध्यक्ष) | गोकुलीकुमारी रेग्मी (उपाध्यक्ष) | कृष्णलाल श्रेष्ठ (प्रमुख प्रशासकीय अधिकृत)

ठोरी गाउँपालिका परिवार, पर्सा

"शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यापार सुन्दर, समृद्ध तथा समुन्नत कालिकामाईको आधार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

वशिष्ठकुमार कलवार (अध्यक्ष) | राजमति बरैनी (उपाध्यक्ष) | अमित गिरी (प्रमुख प्रशासकीय अधिकृत)

कालिकामाई गाउँपालिका परिवार, पर्सा

"शिक्षा, स्वास्थ्य र कृषि पटेर्वासुगौलीको विकासको आधार उत्तरदायी, पारदर्शी र जिम्मेवार स्थानीय सरकार"

हार्दिक शुभकामना

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिंदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

दिनेशकुमार चौधरी (अध्यक्ष) | ममता महतो (उपाध्यक्ष) | सन्देश यादव (प्रमुख प्रशासकीय अधिकृत)

पटेर्वासुगौली गाउँपालिका परिवार, पर्सा

# प्रतीक दैनिकको ३६औं वार्षिकोत्सव र विगतका सम्झनाहरू

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

**म वीरगंज आउँदा थरीथरीका पत्रपत्रिका किन्थे । लेख लामो भएको हुनाले प्राय:जसो राति सुत्ने बेलामा पढ्थे । प्रतीक दैनिकको प्रकाशनअघि वीरगंजमा सम्भवतः एकाधवटा मात्र पत्रिका थिए भने बिस्तारै थपिँदै गए र अहिले पनि थपिने क्रम जारी छ ।**

"आजको ताजा खबर... बिर्तास्थित डिएसपी कार्यालयका हवलदार..." समाचारको शीर्षक जोडजोडले चिच्याउँदै वीरगंजका गल्ली–गल्लीमा पत्रिका बेच्दै हिंड्ने ती मानिसको स्वर आज पनि धेरैलाई सम्झना होला । वीरगंजबाट प्रकाशित हुने विभिन्न पत्रिकाको पोको लिएर उनी दिनभरि पत्रिका बेच्थे। बेलाबखत पोखरियाबाट वीरगंज आउँदा म पनि पत्रिका किन्थें । अर्कोपटक वीरगंजको यात्रा नहुँदासम्म सोही पत्रिका दोहोऱ्याइ–तेहेऱ्याइ पढ्थें ।

वीरगंज–पोखरिया बससेवा सञ्चालनमा आएपछि पत्रिका नियमित पाइन्थ्यो । त्यसअघि एकमात्र रेडियो नेपालबाहेक समाचारको भोक मेटाउने अर्को विकल्प थिएन । शहर केन्द्रित पत्रिकाहरूमध्ये देहातमा पहिलोपटक प्रतीक दैनिकले प्रवेश गरेको मलाई अहिले पनि सम्झना छ । आफ्नै आसपासका घटना समाचारको रूपमा पढ्न पाउँदा पत्रिकासँग अन्तरङ्ग सम्बन्ध बढ्न थाल्यो।

'बबुवो, आजु के पत्रिका नइखे आइल का ?' अर्थात् 'बाबु, आजको पत्रिका आएको छैन कि क्या हो ?' कुनै कारणवश पत्रिका नआएको खण्डमा पत्रिका वितरकसँग सोध्थें । यातायात वा अन्य कुनै पनि कारणले पत्रिका नआएमा र पढ्न नपाइएमा खल्लो लाग्थ्यो । पत्रिका पढ्ने मेरो बानी दिनचर्याको अभिन्न अङ्ग भइसकेको थियो।

यातायातको विस्तारसँगै प्रतीक दैनिक क्रमशः पर्साको पोखरियापछि लङ्गडी, भिस्वा र ठोरीलगायत पर्साका अधिकांश स्थानमा पुग्न थाल्यो । ग्रामीण क्षेत्रमा नेता टाइपका मानिसले प्रतीक दैनिक पढेर समाचारबारे अवगत हुन्थे । राजधानीसँग सम्बन्धित घटना वा राजनीतिक घटनाक्रमबारे समाचार पढेर उनीहरूले त्यस्ता घटनाबारे गाउँका अन्य मानिसहरूलाई आफूलाई मात्र थाहा भएको जस्तै सुनाउँदै हिंड्थे । ग्रामीण मानिसहरू आश्चर्यचकित त हुन्थे नै कसरी थाहा पाएको भन्ने प्रश्नमा उनीहरूले सदरमुकाम वा राजधानीका प्रमुख व्यक्तित्वसँग थाहा पाएको भन्दै आफूलाई उच्च व्यक्तित्वको रूपमा प्रस्तुत गर्दथे ।

तीन दशकअघि स्थानीय पत्रिकाको दाम मलाई याद भएसम्म एक रुपियाँ थियो । त्यसको धेरैपछि दुई रुपियाँ र अहिले वर्षौंदेखि पाँच रुपियाँ छ। पत्रिकामा स्थानीय खबरसँगै खेलकूद र अन्तर्राष्ट्रिय लगायत विविध क्षेत्रका गतिविधि अवगत हुन्थ्यो। मेरो बानी के थियो भने पत्रिका खरीद गरिसकेपछि रुचि अनुसार पत्रिकाको प्रत्येक समाचार र एक/एक शब्द पढ्थें । पत्रिका पढ्ने बानीसँगै लेखप्रति म आकर्षित हुन थालें ।

म वीरगंज आउँदा थरीथरीका पत्रपत्रिका किन्थे। लेख लामो भएको हुनाले प्राय:जसो राति सुत्ने बेलामा पढ्थे। प्रतीक दैनिकको प्रकाशनअघि वीरगंजमा सम्भवतः एकाधवटा मात्र पत्रिका थिए भने बिस्तारै थपिँदै गए र अहिले पनि थपिने क्रम जारी छ। पाठकको रूपमा प्रतीक दैनिकसँग मेरो अन्तरङ्ग सम्बन्ध झन्डै तीन दशकदेखि छ। पत्रिका पढ्ने बानीले सञ्चार क्षेत्रमा काम गर्ने रहर जागृत भयो। आफ्नो गाउँठाउँका समस्या बाहिर ल्याउनुपर्छ भन्ने कुरा रुचिमा परिणत भयो ।

विसं २०५७/५८ सालताका वीरगंजबाट प्रकाशित हुने एक पत्रिकामा म पोखरियाबाट संवाददाता भई काम गर्न थालें । शुरूका दिनमा नामसहित समाचार प्रकाशित हुँदा मन प्रफुल्लित हुन्थ्यो। समाचार प्रकाशन भएकै कारण सरकारी कर्मचारीहरूको काम कारबाईमा सुधार देखिंदा काम गर्ने जोश बढ्थ्यो । तर पत्रकारिताको अलावा आमाबुबा, पत्नी तथा छोराछोरीहरूको पालनपोषणको जिम्मेवारी पनि उत्तिकै अनिवार्य थियो । पारिवारिक जिम्मेवारीमा आइसकेपछि आर्थिक आम्दानीविना एक कदम अघि बढ्न सम्भव थिएन ।

वैवाहिक जिम्मेवारीमा आइसकेकोले काम र आर्थिक आम्दानी दुवै आवश्यक थियो । सञ्चार कर्ममा सामाजिक मानमर्यादा जतिसुकै पाए तापनि परिवारको पालनपोषण सम्भव नहुने अनुभूति कष्टजनित थियो। पछि सञ्चार कर्म परित्याग गरी पुनः पाठक भएँ । गाउँदेखि वीरगंजमा पाइला टेकेपछि थरीथरीका पत्रपत्रिका किन्ने र पढ्ने अवसर पाएँ। टेलिविजन हेर्नुभन्दा मलाई आज पनि पत्रपत्रिका पढ्ने बानी छ । मेरो अनुभवमा पढ्ने बानीले शब्द र शैलीको ज्ञान क्रमशः विस्तार हुँदै जान्छ।

पेशागतरूपमा प्रतीक प्रकाशन समूहसँग मेरो आबद्धता केही वर्षदेखि मात्र भयो । संयोगवश प्रतीक प्रकाशन समूहमा आबद्ध भई काम गर्ने अवसर प्राप्त भयो। अहिले संवाददाताको कामसँगै शनिवारको दिन 'सरोकार' स्तम्भमार्फत नियमित कलम चलाउँदै आइरहेको छु।

फर्केर हेर्दा यस्तो लाग्छ कि शायद उहिले प्रतीकसँग आबद्ध हुने मौका पाएको भए पत्रकारिताको ज्ञान र काम गर्ने जोश आजको भन्दा कयौं गुणाले वृद्धि हुन्थ्यो।

किनभने कुनै पनि क्षेत्रमा सो क्षेत्रको विशेषज्ञ व्यक्तित्वहरू माझ काम गर्दा झन् परिष्कृत हुने वातावरण मिल्छ। म प्रतीक दैनिकसँग आबद्ध भएपछि प्रत्यक्ष अनुभूति गरेको कुरा हो। ज्ञान, प्रोत्साहन र सहानुभूतिसँगै काम गरेबापत पारिश्रमिक पनि पाउँदो रहेछ भन्ने कुरा मलाई प्रतीकमा आबद्ध हुनुभन्दा पहिले थाहा थिएन। पहिलोपटक प्रतीक दैनिकबाट प्राप्त गरेको चेकले खुशी मात्र प्रदान गरेन, अपितु काम गर्ने क्षमताका साथै जिम्मेवारी बढ्यो ।

शुरूदेखि अहिलेसम्मको अवस्था हेर्दा विभिन्न सञ्चारमाध्यमहरूको भीडमा प्रतीक प्रकाशन समूहले प्राकृतिक विपद्, आन्दोलन वा कोरोनाकाल जस्ता विभिन्न आपत्‌विपत्‌मा अझ बढी जिम्मेवारीपूर्वक काम गर्ने तत्परताले प्रतीक दैनिक सर्वप्रिय पत्रिका हुनुको मूल कारण हो जस्तो मलाई लाग्छ। विभिन्न आरोह–अवरोहको बावजूद पत्रिकाको सम्पादन, प्रकाशन र वितरणलाई नै सर्वोपरि ठान्ने कुरामा अहिले पनि रतिभर कमी छैन । यी विगतका संस्मरणहरू हुन् ।

केही वर्षदेखि प्रतीक दैनिकको वार्षिकोत्सवमा म पनि सहभागी हुँदै आइरहेको छु । प्रत्येक वर्ष भदौ १ गते प्रतीक प्रकाशन समूहले वार्षिकोत्सवसँगै पुरस्कार वितरण गर्दै आइरहेको छ । आज भदौ १ गते बुधवारका दिन नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा कार्यक्रमका साथै सुबोध स्मृति पुरस्कार पत्रकार गोविन्द देवकोटालाई दिइँदैछ। त्यसैगरी, स्तम्भकार विश्वराज अधिकारी, संवाददाता राधेश्याम पटेलसमेत समूहका कर्मचारी मोहन दास तत्वा पनि पुरस्कृत हुँदैछन् । वार्षिकोत्सवको पुनीत उपलक्ष्यमा म पनि अत्यन्तै हर्षविभोर छु। प्रतीक दैनिकको उत्तरोतर प्रगतिका साथै ३६औं वार्षिकोत्सवको शुभ घडीमा पाठक, विज्ञापनदाता, अध्यक्ष, प्रधानसम्पादक, सम्पादक, स्तम्भकार, संवाददाता तथा समूहका समस्त कर्मचारीहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

# नेप्से परिसूचकमा ओरालो यात्रा कायमै

काठमाडौं, ३१ साउन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक झन्डै २५ अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २४.८३ अङ्कले ओरालो लागेर दुई हजार ४० दशमलव शून्य छमा ओर्लिएको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ७५ अङ्कले ओरालो लागेर ३९४ दशमलव ३९ मा सीमित भएको छ।

कुल २२१ कम्पनीका ६४ लाख छ हजार ७३८ कित्ता शेयर रु दुई अर्ब ७३ करोड ४८ लाख ५३ हजार ५८ मूल्यमा खरीद–बिक्री भए । नेप्सेका अनुसार कारोबार भएका १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ।

बैंकिङ तीन दशमलव ४२, व्यापार ३८ दशमलव शून्य एक, होटल तथा पर्यटन २४ दशमलव ३३, जलविद्युत् ७९ दशमलव दुई, वित्त ४७ दशमलव ८६, निर्जीवन बीमा १४२ दशमलव शून्य एक, उत्पादन ९८ दशमलव ११, अन्य १० दशमलव ७६, लघुवित्त ५९ दशमलव ७१, जीवनबीमा ८६ दशमलव ५९, सामूहिक लगानी कोष शून्य दशमलव १३ र लगानी एक दशमलव शून्य एक अङ्कले ओरालो लागे।

मङ्गलवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब १४ अर्ब ६८ करोड पाँच लाख ४३ हजार ५३६ बराबर रहेको छ।

कारोबारका आधारमा रिडी हाइड्रोपावर कम्पनी शीर्ष स्थानमा छ। सो कम्पनीको रु ४० करोड ८२ लाख ४७ हजार ८८८ बराबरको कारोबार भयो।

यस्तै, शिवम् सिमेन्ट रु आठ करोड ६८ लाख ५२ हजार ६९२, हिमालयन डिस्टिलरी रु पाँच करोड ८७ लाख ७९ हजार १२९, महालक्ष्मी विकास बैंक रु पाँच करोड ८७ लाख २४ हजार ९०३, नेपाल दूरसञ्चार कम्पनी रु पाँच करोड ६१ लाख ७१ हजार ५५० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार अप्पर हेवा खोला हाइड्रोपावर नौ दशमलव ९९, स्वाभिमान लघुवित्त चार दशमलव शून्य दुई, कुमारी इक्विटी फन्ड दुई दशमलव ८१, सिद्धार्थ इक्विटी फन्ड दुई दशमलव १०, एनआइबिएल प्रगति फन्डका लगानीकर्ताले एक दशमलव ९१ प्रतिशतले कमाएका छन्।

त्यस्तै, युनिलिभर नेपाल पाँच दशमलव ६२, दोर्दी खोला जलविद्युत् कम्पनी पाँच दशमलव ५१, पञ्चकन्या माई हाइड्रोपावर पाँच दशमलव ४७, जोशी हाइड्रोपावर पाँच दशमलव ४६ र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले पाँच दशमलव ३२ प्रतिशतले गुमाएका छन्।



**जीवन सङ्घर्ष हो:** वीरगंजस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनीको गोदाममा जिल्लाभरिबाट आएका धानका बोराहरूको व्यवस्थापन गर्दै मजदूरहरू। तस्वीर: पङ्कज श्रेष्ठ

## खानेपानी कार्यालयका कर्मचारी घूससहित पक्राउ

काठमाडौं, ३१ साउन/रासस

काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महाङ्काल शाखामा कार्यरत सिनियर प्लम्बर गणेशबहादुर खुलाल घूस रकमसहित पक्राउ परेका छन्।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सेवाग्राहीसँग रू पाँच हजार घूस लिएकै अवस्थामा उनलाई पक्राउ गरेको प्रवक्ता श्यामप्रसाद भण्डारीले बताउनुभयो।

सिनियर प्लम्बर खुलालमाथि थप अनुसन्धान भइरहेको आयोगले बताएको छ।

## फरक समाचार

### कृष्णाकमल

फूलले घर–बगैंचामा थप सुन्दरता थप्छ। कृष्णाकमल फूल संसारको सुन्दर फूलमध्ये एउटा हो । यसलाई पैशन फ्लावर पनि भनिन्छ र यसको सम्बन्ध



महाभारतसँग रहेको बताइन्छ । यस फूलमा लगभग सयवटा पंखुडी हुन्छन्, जसले कौरवलाई सन्दर्भित गर्छ। बीचमा पाँचवटा पहेंलो पंखुडीले पाण्डवलाई इङ्गित गर्छ । केन्द्रमा हरियो रङ्गको टुसा रानी द्रौपदीको प्रतीक हो । फूलको माथितर्फ रहेको तीनवटा कलिले ब्रह्मा, विष्णु र शिवको प्रतीक मानिएको छ। केन्द्रमा कृष्णाको सुदर्शन चक्र छ। यो फूल सेतो, नीलो, कलेजी रङ्गमा फुल्छ। यो फूल मेदेखि जुलाईसम्म फुल्छ भने बोट वर्षभरि रहन्छ।

**औषधीय गुण:** यो फूलको खेती अमेरिकीहरूले गरेका थिए। त्यसपछि यो युरोप पुग्यो। अब यो बोट भारत, फ्रान्स, जर्मनी, संयुक्त राज्य अमेरिका आदि देशमा प्रयोग गरिन्छ। यस बिरुवामा सक्रिय घटक जस्तै एल्कलाइड, फ्लेवोनोइड्स र अन्य सम्बन्धित कम्पाउन्ड पाइन्छन् र त्यसैले औषधीय प्रयोजनको लागि यसको पूरै बोट उपयोग गरिन्छ। कसैकसैले यस बोटलाई सुकाएर पनि प्रयोग गर्छन्। यस हर्बलाई न्युरोलोजिक समस्या समाधानको लागि प्रभावकारी मानिन्छ र यसले अन्य स्वास्थ्यलाभ पनि प्रदान गर्छ।

शोध अनुसार यो फूल दुर्व्यसन रोक्न वा त्यसको उपचार गर्न प्रयोग गरिन्छ। कोकिन, हेरोइन वा अफिम छाडेपछि मान्छेको शरीरमा हुने केमिकल रियाक्सन रोक्न यसले मदत गर्छ। अस्थमा अटैकको उपचारमा प्रयोग गरिन्छ। छारेरोगको गम्भीरतालाई कम गर्छ । अवसादलाई कम गर्छ । मधुमेहपीडित व्यक्तिको रक्त शर्कराको स्तरलाई नियन्त्रित गर्छ । रोगीलाई आराम दिनको लागि शल्यक्रिया प्रक्रियाभन्दा तीस मिनेट पहिले दिइन्छ।

यस फूलको चियाले टाउको दुख्ने, माइग्रेनजस्ता समस्या हटाउँछ। सुन्निएको कम गर्छ, रेस्टलेस लेग सिन्ड्रोममा फाइदा पुऱ्याउँछ। इरिटेबल बाउल सिन्ड्रोमको उपचारमा मदत गर्छ। यस फूलले हाम्रो व्यवहार सही बनाउँछ।

बजारमा यो विभिन्न खुराकमा उपलब्ध छ जस्तै तरल, चक्की, सुक्खा धूलो आदिमा। चिन्ता, मानसिक तनाव, बेचैनी, थकान वा चिडचिडापनको लागि यसको सही मात्रामा सेवन गर्नुपर्छ।

### हावाबाट पानी बनाउने मेशिनको प्रदर्शन

भारतको राजधानी नयाँ दिल्लीको प्रगति मैदानमा एभ्रिथिङ अबाउट वाटर एक्स्पो–२०२२ कार्यक्रममा इजरायलको एउटा कम्पनीले हावाको माध्यमबाट




पानी बनाउने मेशिन प्रदर्शन गरेको थियो। यो मेशिनको पानी पिउन सकिन्छ। जेनी नामक मेशिनबाट एक दिनमा करीब तीस लिटर पानी बनाउन सकिन्छ। जेनी उत्पादन लन्च गर्ने कम्पनी वाटरगेन अनुसार उनीहरूको अन्य उत्पादनबाट एक दिनमा छ हजार लिटर पानी जेनेरेट गर्न सकिन्छ। कार्यालय, अस्पताल, विद्यालयमा यस प्रकारको मेशिन प्रयोग गर्न सकिन्छ।

इजरायलमा तेल अवीव युनिभर्सिटीका प्राध्यापक तथा पानी विशेषज्ञ हदास मामानेका अनुसार इजरायल र भारत प्रविधिको क्षेत्रमा एकअर्कालाई सहयोग गरिरहेका छन् । दुवै देश मिलेर अन्य प्रविधिहरू विकसित गर्दैछन् । वाटर एक्स्पोमा इजरायलका आठवटा पानी उद्योग सहभागी थिए। हावाको माध्यमबाट पानी बनाउने मेशिनको मूल्य भारु अढाई लाख राखिएको छ।

### चुनाबाट हुने फाइदा

चुनाको वैज्ञानिक नाम क्याल्शियम कार्बोनेट हो। चुनाले घुँडाको दुखाइ होस् वा जन्डिस अथवा कमर दुखाइमा निकै फाइदा पुऱ्याउँछ । क्याल्शियमले



भरिपूर्ण यो हाम्रो हाडको लागि निकै फाइदाजनक हुन्छ। गिजाको दुखाइ कम गर्नुको साथै दाँत मजबूत बनाउँछ। दाँत सिरिङ हुँदा यसको प्रयोग गर्न सकिन्छ। पानीमा थोरै चुना मिसाएर बच्चालाई सेवन गराउँदा उनीहरूको दाँत राम्ररी निस्किन्छ र दाँत दुख्दैन। एनिमियाबाट पीडितहरूले चुनालाई अनारको रसमा मिसाएर सेवन गर्दा रगतको कमी हुँदैन। हाड भाँच्चिदा चुनाको प्रयोग गरिन्छ, किनभने हाड जोड्न चुनाले निकै मदत गर्छ। क्याल्शियमको कमी हुनेले चुनाको प्रयोग गर्नुपर्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बिहारमा मन्त्रिपरिषद् विस्तार

पटना, ३१ साउन/एएनआई

मुख्यमन्त्री नीतिशकुमारले मन्त्रिपरिषद् विस्तार गरेका छन्। राष्ट्रिय जनता दल (आरजेडी)का नेता तेजप्रताप यादव, उक्त दलका चारजना विधायक र झन्डै ३० जना विधायकलाई उनले मन्त्रिपरिषद्मा सामेल गरेका छन् ।

आरजेडी, जनता दल युनाइडेट (जेएलडी)लगायत विभिन्न पार्टीको समर्थनमा मुख्यमन्त्री बनेका नीतिशकुमारको उपस्थितिमा आज राज्यपालले नयाँ मन्त्रीहरूलाई शपथ गराए ।

छत्तीस जनासम्मको मन्त्रिपरिषद् बनाउन सकिने बिहारमा मुख्यमन्त्रीले भविष्यमा त्यसलाई अझ विस्तार गर्न केही मन्त्री पद रिक्त राखेका छन् ।

भारतीय जनता पार्टी (भाजपा) सँग सत्ता साझेदारी त्यागेर आरजेडी, जेएलडी अन्य साना दल र स्वतन्त्र विधायकहरूको समर्थनमा यसै महीनाको प्रारम्भमा नीतिश कुमारले आगामी बुधवार बिहार विधानसभामा बहुमत साबित गर्ने सम्भावना छ ।

सन् २०२० को विधानसभा निर्वाचनमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धनले १२५ सिट जितेको थियो भने भाजपाले ७४, नीतिशकुमारको जनता दल (युनाइटेड) ले ४३, विकासशील इन्सान पार्टीले चार र हिन्दुस्तान अवाम पार्टी (धर्मनिरपेक्ष) ले चार सिट जितेको थियो । रासस

## श्रीलङ्काली राष्ट्रपतिद्वारा खर्च कटौती गर्न सरकारी निकायलाई निर्देशन

कोलम्बो, ३१ साउन/सिन्ह्वा

श्रीलङ्काली राष्ट्रपति रनिल विक्रमासिंघेले यहाँका सबै सरकारी निकायलाई सरकारी खर्चमा कटौती गर्न निर्देशन दिएका छन् । उनले सोमवार एक प्रेस विज्ञप्ति जारी गर्दै यहाँका सरकारी निकायहरूलाई अहिले भइरहेको खर्चमा कटौती गर्न निर्देशन दिएका हुन् । राष्ट्रपति विक्रमासिंघेको सञ्चार सचिवालयले सो कुराको जानकारी दिएको हो ।

सो सचिवालयले राष्ट्रपतिको उक्त निर्देशन श्रीलङ्काका सबै मन्त्रालय, केन्द्रीय विभाग, प्रान्तीय सरकारका प्रमुख विभागहरू तथा अन्य सरकारी निकायका लागि रहेको पनि बताएको छ ।

श्रीलङ्काले पछिल्ला केही वर्षयता आर्थिक चुनौतीको सामना गरिरहेको छ । श्रीलङ्काले हाल सामना गरिरहेको आर्थिक सङ्कटको समाधानका लागि देशभित्रका सरकारी तथा गैरसरकारी निकायहरूका पनि विभिन्न शीर्षकमा खर्च कटौती गरिरहेको बताइएको छ ।

राष्ट्रपति विक्रमासिंघेले सरकारी निकायहरूलाई नयाँ भवन निर्माण नगर्न, भवन तथा जग्गा भाडामा नलिन पनि निर्देशन दिएको समाचारमा जनाइएको छ । रासस

## सुकीलाई थप छ वर्षको जेलसजाय

नेपीडाव, ३१ साउन/एएनआई

म्यानमाकी अपदस्थ नेत्री आङ सान सुकीलाई सोमवार भ्रष्टाचारको आरोपमा दोषी ठहर गर्दै थप छ वर्ष जेलसजाय थपिएको छ ।

आङ सान सुकीलाई आफ्नो पदको दुरुपयोग गरी सार्वजनिक जग्गा बजारभन्दा कम मूल्यमा भाडामा लिएको आरोप लगाइएको छ । अपदस्थ नेतालाई चारवटा मुद्दामध्ये प्रत्येकमा तीन वर्षको सजाय सुनाइएको छ । तर ती सबै सजाय एकैसाथ सुनाइनेछ । उनलाई थप छ वर्षको जेलसजाय दिइने अल जजीराले एक कानूनी अधिकारीलाई उद्धृत गर्दै जानकारी दिएको छ ।

७७ वर्षीया सुकीलाई सन् २०२१ को फेब्रुअरीमा सेनाले म्यानमामा सत्ता कब्जा गरेपछि देशद्रोह, भ्रष्टाचार र अन्य आरोपमा ११ वर्षको जेलसजाय सुनाएको थियो । यद्यपि, आङ सान सुकीले सबै आरोप अस्वीकार गरेको र उनका वकीलहरूले अपील गर्ने अपेक्षा गरिएको अल जजीराले जनाएको छ ।

यो निर्णय लोकतान्त्रिकरूपमा निर्वाचितहरूलाई बदनाम गर्ने सैनिक सरकार अर्को हताश प्रयास भएको म्यानमाको राष्ट्रिय एकता सरकारका विदेशमन्त्री जिन मार आङले भनेका छन् । म्यानमा सैनिक सरकारको आलोचना गर्दै उनले आङ सान सुकीको रिहाइको लागि पनि आह्वान गरेका छन् ।

आङ सान सुकी र उनका सहयोगीहरूविरुद्ध लगाइएका धेरै आरोप अर्को वर्ष हुने चुनावमा अलोकप्रिय बनाइ यी राजनीतिज्ञहरूलाई राजनीतिबाट हटाउने सेनाको प्रयासको हिस्सा भएको विश्लेषकहरूले बताएका छन् ।

यसैबीच, मलेशियाका विदेशमन्त्री सैफुद्दीन अब्दुल्लाले दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान)लाई म्यानमाका मुद्दाहरूमा छलफल गर्न दबाब दिइरहेका छन् । दश सदस्यीय यस समूहको मलेशिया पनि सदस्य हो । उनले पछिल्लो जेल सजायको निन्दा गरेको अल जजीराले जनाएको छ ।

म्यानमाले सैन्य विद्रोहको एक वर्ष पूरा हुनुअघि देशमा आपत्कालीन अवस्थालाई छ महीना थप गरेको छ । म्यान्माका सैन्य नेता वरिष्ठ जनरल मिन आङ ह्लिङले २०२१ मा एक निर्वाचित नागरिक सरकारको विरुद्धमा विद्रोहको नेतृत्व गर्दै आङ सान सुकीलाई चुनावी अनियमितताको आरोपमा हिरासतमा राखेका थिए ।

गत वर्ष अगस्तमा मिन आङ ह्लिङले आफूलाई नवगठित कार्यवाहक सरकारको प्रधानमन्त्री घोषणा गरेका थिए । अगस्त १ मा राष्ट्रका नाममा सम्बोधन गर्दै उनले सन् २०२३ सम्ममा चुनाव गराउने वाचा गरेका थिए ।

हडताल र विरोध प्रदर्शनमा म्यानमाको सुरक्षाबलले एक हजारभन्दा बढी नागरिकको हत्या गरेको र अन्य हजारौंलाई गिरफ्तार गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । लोकतन्त्रलाई पटरीमा पारेको भन्दै अन्तर्राष्ट्रिय जगत्मा म्यानमा सैन्य सरकारको निन्दा भएको छ । रासस

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

बालश्रम दण्डनीय अपराध हो,
बालबालिकालाई कुनै पनि श्रमजन्य कार्यमा नलगाऔं ।

वीरगंज महानगरपालिका कार्यालय

## प्रतिबन्धित कफ सिरप बरामद

राजेश केशरीवाल, रक्सौल, ३१ साउन/

भारत, रक्सौलबाट हरैया प्रहरी चौकीका प्रहरी इन्चार्ज विवेक कुमारको टोलीले भारी मात्रामा प्रतिबन्धित कफ सिरफ बरामद भएको छ ।

गोप्य सूचनाको आधारमा रक्सौल-३ श्रीकृष्णनगर निवासी रामभरोस प्रसादको घरमा छापामारी गरी ६८ कार्टुनमा रहेको सात हजार ७८० थान कफ सिरफ बरामद गरेको छ ।




बरामद कफ सिरफ आफ्नो नियन्त्रणमा राखी घरधनीमाथि आवश्यक कारबाईको प्रक्रिया अगाडि बढाएको हरैया ओपीका थानाप्रभारीले जनाएका छन् ।

## राजस्व छलीको सामान बरामद

प्रस, वीरगंज, ३१ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलभन्दा फरक सामानहरू लोड एउटा ट्रक सोमवार नियन्त्रणमा लिएको छ ।

वीरगंज महानगरपालिका-२१ परवानीपुर चोकबाट ना.८ख ३४२६ नम्बरको मालवाहक ट्रकलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । चामलको बिल मात्र देखाएर सुर्ती १६ बोरा, चैनी पानमसला १४ बोरा तथा चेरी पानमसला १० बोरा प्रज्ञापनपत्रविना लगिरहेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिई कारबाईको लागि आज राजस्व अनुसन्धान कार्यालय, पथलैया, बारामा बुझाएको जिप्रका, पर्साले जनाएको छ ।

**हार्दिक शुभकामना**

वीरगंजबाट प्रकाशित प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

अनुप तिवारी (अध्यक्ष) तथा
नेपाल पत्रकार महासङ्घ पर्सा शाखा परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

प्रणय कुमार (अध्यक्ष) तथा
क्रियाशील युवा पत्रकार मञ्च नेपाल, वीरगंज परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

नारायणप्रसाद भण्डारी
प्रमुख कर अधिकृत
आन्तरिक राजस्व कार्यालय, सिमरा बारा

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

शम्भु मिश्र
(वडाध्यक्ष)
वीरगंज महानगरपालिका-२६ परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

मदनप्रसाद पटेल
(अध्यक्ष)
नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशन
मालपोत कार्यालय, पर्सा परिवार

"साझेदारी वन, सबैको धन"

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

लखनलाल साह
(संयोजक)
सबैया साझेदारी वन उपभोक्ता समिति परिवार, पर्सा

## तस्करबाट महिलाको उद्धार

प्रस, रक्सौल, ३१ साउन/

भारत, रक्सौल सीमा सुरक्षा बलको सहयोगबाट एक महिला र दिनाज निवासी मानव तस्कर अन्सार अलीको नियन्त्रणबाट उद्धार गरेको जानकारी गराए ।



उनको आठ महीने बच्चालाई उद्धार गरिएको छ ।

पीडित महिलाका पतिले एसएसबीका इन्स्पेक्टर मनोजकुमार शर्माको सहयोगबाट ललाइफकाइ भारत, पश्चिम बङ्गाल चोपडा इस्लामपुर गाउँ उत्तरी

आरोपी अन्सार अलीको मोबाइल लोकेशनको आधारमा उनको पश्चिम बङ्गालस्थित घरबाट एनजिओ मिशन मुक्ति फाउन्डेशन र बङ्गाल पुलिसले महिलाको उद्धार गरेको समाचारमा जनाइएको छ ।

### रोजगारदाता........

पल्टन ठाकुर, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष हरि गौतम, अनिल अग्रवाल, कमलेश झा, गीता भण्डारी, पेशागत महासङ्घ पर्साका सचिव मनोजकुमार साह, पेशागत महासङ्घ पसार्का अध्यक्ष सुबेदार यादव, नेपाल कारखाना श्रमिक सङ्घका अध्यक्ष अमृतलाल जोशीलगायतको सहभागिता थियो ।

### निजगढ............

दैनिक सेवाप्रवाहलाई सहज बनाएको बहुमत कार्यपालिका सदस्य टोलीका नेतृत्वकर्ता वडाध्यक्ष सूर्य घलानले जानकारी दिए । उनले मन्त्रालयले जसलाई प्रमुख प्रशासकीय अधिकृत तोकेर पठाउँछन्, उसैलाई सहज, भयरहित वातावरणमा दैनिक कामकाज गर्न दिनुपर्छ भनी बताए । तर नगरप्रमुख पुरीले नमान्दा समस्या जटिल बन्न पुगेको हो, उनले भने ।

"अब नगरपालिकाको थाती रहेका नगरसभा, वार्षिक बजेट र कार्ययोजना, भूमिसम्बन्धी समस्या, मलखादको सहज उपलब्धलगायतका कार्य छिटोभन्दा छिटो गराउन नगरप्रमुखको सकारात्मक भूमिकाको अपेक्षा राखेका छौ," बहुमत कार्यपालिका सदस्यहरूको भनाइ छ ।

यता मन्त्रालयमा कामकाजमा खटाइएका कार्कीको अन्यत्र स्थानमा भने सरुवा नभएको मन्त्रालय स्रोतले जनाएको छ । "नगरपालिकामा तत्कालका लागि हाजिर हुन सक्ने वातावरण सिर्जना नभएकोले उपसचिव कार्कीलाई मन्त्रालयमा कामकाज गर्न खटाइएको हो," उक्त स्रोतले भन्यो । यता कार्की पुनः निजगढमैं आउने हो कि भन्ने त्रास अझै नगरप्रमुख पुरी र उपप्रमुख थिङलगायत नगरप्रमुख पक्षधर जनप्रतिनिधिहरूलाई छ । अन्यत्र सरुवा नहुन्जेलसम्म कार्की निजगढ नपामैं पुनः आउन सक्ने प्रबल सम्भावना छ । सकभर अन्यत्र नै सरुवा गराउन सकिन्छ कि भन्ने जोडबलमा नगरप्रमुख पुरी र उपप्रमुख थिङ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शक्तिकेन्द्रमा धाइरहेको बुझिएको छ ।

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

अशोक स्टील इन्डस्ट्रिज प्रालि
जीतपुरसिमरा उपमहानगरपालिका, बारा

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

जयप्रकाश शाह
(वडाध्यक्ष)
वीरगंज महानगरपालिका-६ परिवार

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।



शिवकुमार साह
(युवा नेता)
जनता समाजवादी पार्टी, पर्सा

**हार्दिक शुभकामना**

प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

जीतेन्द्रप्रसाद यादव
(वडाध्यक्ष)
वीरगंज महानगरपालिका-३१ परिवार

# नागरिकता विधेयक फिर्ताको विरोधमा प्रदर्शन

प्रस, वीरगंज, ३१ साउन/

नेपाली काङ्ग्रेस, पर्साले मङ्गलवार वीरगंजमा प्रदर्शन गरेको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले दुवै सदनबाट पारित भएको नागरिकता विधेयक पुनर्विचार गर्न पुनः संसद्मा पठाएको विरोधमा प्रदर्शन गरिएको हो।

प्रदर्शनमा सहभागी नेका कार्यकर्ताहरूले राष्ट्रपतिविरुद्ध चर्को नाराबाजी गरेका थिए। नगरपरिक्रमापछि घण्टाघरमा आयोजित कोणसभामा नेकाका केन्द्रीय सदस्य अजय चौरसिया, मधेस प्रदेशका ऊर्जा तथा खानेपानी मन्त्री ओमप्रकाश शर्मा, स्थानीय नेता नरेन्द्र शाह, रामनारायण कुर्मी, महम्मद सहाबुद्दीन, ओमकृष्ण लामिछाने, नवीन सिंह, रामरूप कुर्मीलगायतले राष्ट्रपतिले नागरिकता विधेयक फिर्ता गरेकोमा आपत्ति जनाए।

विरोध प्रदर्शनमा डा सुषमा तिवारी, रम्भा मिश्र, लोकनारायण यादवलगायतको सहभागिता थियो।




तस्वीरः प्रतीक

**प्रस, जीतपुर/**

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बाराले पनि नागरिकता विधेयक फिर्ता पठाएको विरोधमा बाराको परवानीपुर र प्रसौनी गाउँपालिकामा विरोध प्रदर्शन गरेको छ।

कार्यक्रममा लोसपाका नेता, कार्यकर्ताहरूले प्रदर्शन गर्दै नागरिकताविहीनहरूलाई नागरिकता दिनुपर्ने मन्तव्य राखेका थिए।

# सेवाग्राहीद्वारा फार्मेसी कर्मचारीसँग दुर्व्यवहार

प्रस, पोखरिया, ३१ साउन/

पर्साको पोखरिया अस्पतालमा चेकजाँच गराउन पुगेका सेवाग्राहीले अस्पतालका फार्मेसी इन्चार्जमाथि दुर्व्यवहार गरेका छन्।

सोमबार बिहान साढे ५ बजे चेकजाँच गराउन अस्पताल पुगेका सेवाग्राहीले औषधिको विषयलाई लिएर फार्मेसी इन्चार्ज शिवेन्द्र चौधरीमाथि दुर्व्यवहार गरेका थिए।

पोखरिया नगरपालिका सतवरियाका स्थानीय गठल साह र उनका छोरा दीपकले चौधरीलाई कुटपिट गर्दै दुर्व्यवहार गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा सञ्जय गुप्ताले बताए। ती सेवाग्राहीले इन्चार्ज चौधरीलाई दुर्व्यवहार गरेर आकस्मिक कक्षको शय्यासमेत तोडफोड गर्ने प्रयास गरेको फुटेज सिसिटिभी क्यामरामा कैद भएको डा गुप्ताले जानकारी दिए।

इलाका प्रहरी कार्यालय, पोखरियाका प्रहरी नायब वरिष्ठ निरीक्षक गौरीशङ्कर साहका अनुसार अस्पतालका कर्मचारीलाई कुटपिट र दुर्व्यवहार गर्ने दुवैजनालाई कानूनी कारबाहीको मागसहित उजूरी परेको छ। उजूरीपछि दुवै बुबाछोराको खोजी भइरहेको उनले बताए।

**कारबाही नभए सेवा ठप्प पार्ने चेतावनी**

अस्पतालका कर्मचारीलाई दुर्व्यवहार गर्नेमाथि कारबाही नभए बुधवारदेखि आकस्मिकबाहेकका सेवा ठप्प पार्ने अस्पतालले चेतावनी दिएको छ। आफ्नो काम गरिरहेका अस्पतालका कर्मचारीलाई कुटपिट गर्नेहरूमाथि कारबाही नभए सेवा ठप्प पार्ने मेडिकल सुपरिटेन्डेन्ट डा गुप्ताले बताए।

अस्पतालमा शान्तिपूर्णरूपमा आफ्नो काम गरिरहेका कर्मचारीलाई सेवाग्राहीले विभिन्न बहानामा दुर्व्यवहार गरेर मनोबल खसाउने गरेको भन्दै अस्पतालले कारबाहीको माग गरेको हो।

# जनता जनार्दन पार्टीको घोषणा

प्रस, वीरगंज, ३१ साउन/

जनता जनार्दन पार्टी घोषणा भएको छ। नेपाल पत्रकार महासङ्घ पर्साको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरी मङ्गलवार पार्टी घोषणा गरिएको हो।




तस्वीरः प्रतीक

घोषणा कार्यक्रम अध्यक्ष प्रमोद सहनी निषादको अध्यक्षता र केन्द्रीय अध्यक्ष जीतेन्द्र सहनी निषादको प्रमुख आतिथ्यमा भएको थियो। पार्टीमा विद्या सहनी, जयकिशन मुखिया, रामश्री देवी दास, सुदामा मुखिया, विनोद जयसवाल, अनुप तिवारीलगायत केन्द्रीय सदस्य छन्। पत्रकार सम्मेलनमा केन्द्रीय अध्यक्ष निषादले दल दर्ताको लागि निर्वाचन कार्यालयमा निवेदन दर्ता गराइसकेको बताए। उनले केही दिनमा दल दर्ता हुने जानकारी गराए।


## हार्दिक शुभकामना

वीरगंजबाट प्रकाशित **प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**लालबाबु शेख**

**(सदस्य)**

**प्रेस काउन्सिल नेपाल**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**जन्नत अन्सारी**

**(प्रदेशसभा सदस्य)**

**मधेस प्रदेश**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक**

**३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**रामप्रसाद चौधरी (नगरप्रमुख)**

**कोल्हवी नगरपालिकाको कार्यालय, बारा परिवार**

"रुख रोपौं, वनजङ्गल नमासौं"

## हार्दिक शुभकामना

**प्रतीक दैनिक**

**३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**विनोद सिंह (प्रमुख एवं डिएफओ)**

**डिभिजन वन कार्यालय, सिमरा, बारा परिवार**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**बैजुलाल स्वर्णकार**

**(वडाध्यक्ष)**

**वीरगंज महानगरपालिका-३ परिवार**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**प्रदीप चौरसिया**

**(वडाध्यक्ष)**

**वीरगंज महानगरपालिका-५ परिवार**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**राजेश्वर साह तेली**

**(प्रदेशसभा सदस्य)**

**मधेस प्रदेश**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**सिंहासन साह कलवार**

**(प्रदेशसभा सदस्य)**

**मधेस प्रदेश**

"रुख रोपौं, वनजङ्गल नमासौं"

## हार्दिक शुभकामना

**प्रतीक दैनिक**

**३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**सुभाषचन्द्र दास (प्रमुख एवं डिएफओ)**

**डिभिजन वन कार्यालय, पर्सा परिवार**

## हार्दिक शुभकामना

**प्रतीक दैनिक ३५औं वर्ष पूरा गरी ३६औं वर्ष** प्रवेश गरेको उपलक्ष्यमा हार्दिक बधाई दिँदै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

**जगत साह कानू**

**(वडाध्यक्ष)**

**वीरगंज महानगरपालिका-४ परिवार**

Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords Plaza
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## कोभिड-१९ को जोखिम पुनः देखा परेको छ।

यसबाट बच्न र बचाउन

- सही तरीकाले मास्क लगाऔं।
- भेटघाट र जमघटमा कम्तीमा दुई मिटरको दूरी कायम राखौं।
- समय-समयमा साबुन-पानीले हातधुने वा सेनिटाइजर प्रयोग गरौं।
- खोक्दा वा हाच्छिऊँ गर्दा नाक-मुख छोप्ने गरौं।
- आफू बस्ने घर तथा कार्यालयलगायतका स्थानमा नियमित सेनिटाइज गरौं।
- अनावश्यक भीडभाड नगरौं।
- हावा ओहरदोहर नहुने स्थान र भीडभाडमा नजाऔं।
- कोभिडको लक्षण देखिएमा अरूलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं।

**सतर्क र सचेत बनौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड